सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"

रजिष्टर्ड कार्यालय, टंकिसिनवारी २, मोरङ
कर्पोरेट कार्यालय, मेनरोड, बिराटनगर, मोरङ
फोन : ०२१-५२८१३५, ५२८१३७ फ्याक्स : ०२१-५२८१४०
Email : info@skdbl.com.np URL : www.skdbl.com.np

# चौंथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७३/०८/३०)

यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिको मिति २०७३/०८/२८ गतेको निर्णय बमोजिम बैंकको चौंथो वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिकालागि यो सूचना प्रकाशित गरिएको छ ।

1. **सभा हुने मिति, समय र स्थान**

| | | |
|---|---|---|
| मिति | : | २०७३ पौष २८ गते विहिबार |
| समय | : | बिहान ११ बजे देखि |
| स्थान | : | उद्योग संगठन मोरङको सभा हल, तिनपैनी बिराटनगर |

2. **छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरू :-**

1. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश गरिने आ.ब.२०७२/७३ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने सम्बन्धमा ।
2. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७२/७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण पारित गर्ने सम्बन्धमा ।
3. लेखापरीक्षण समिति तथा सञ्चालक समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७३/७४ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (वर्तमान लेखापरीक्षक श्रेष्ठ आर एण्ड एशोशिएटस् पुनः नियुक्तिकालागि योग्य हुनुहुन्छ ।)
4. सञ्चालक समितिको सिफारिस बमोजिम आ.व.२०७२/७३ सम्मको सञ्चित मुनाफाबाट प्रस्ताव गरिएको बोनस शेयरको कर प्रयोजनकालागि रू.५७८,९४७.३७ (अक्षरेपी रू.पाँच लाख अठहत्तर हजार नौ सय सत्चालीस र पैंसा सैंतीस मात्र) नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरू :**

1. सञ्चालक समितिको सिफारिस बमोजिम आषाढ मसान्तको चुक्ता पूँजी रू.१००,०००,०००/- (अक्षरेपी रू.दश करोड मात्र) को ११% ले हुन आउने रू.११,०००,०००/- (अक्षरेपी रू.एक करोड दश लाख मात्र) बराबरको बोनस शेयर लाभांश वितरण गर्ने सम्बन्धमा ।
2. बैंकको पूँजी वृद्धिकालागि चुक्ता पूँजीको १:१.३ बराबरको हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।
3. प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
4. सप्तकोशी डेभलपमेन्ट बैंक तथा उपयुक्त अन्य बैंक तथा वित्तीय संस्था सँग एक आपसमा गाभ्ने वा गाभिने (मर्जर) गर्न आवश्यक भएमा सञ्चालक समितिले नै

सम्पूर्ण प्रकृया अवलम्बन गरी कार्य अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

1. वार्षिक साधारण सभाको प्रयोजनकालागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०७३/०९/०८ गते देखि मिति २०७३/०९/२८ गते सम्म बन्द रहने छ । सो मिति भन्दा अघि मिति २०७३/०९/०७ गते सम्म नेपाल स्टक एक्सचेञ्च लिमिटेडमा शेयर कारोवार भई मिति २०७३/०९/१८ गते भित्र यस बैंकको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेडबाट शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा दर्ता कायम शेयरधनीहरूले सो सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सकिनेछ ।
2. सभामा भाग लिन आउने शेयरधनीले सभा कक्षमा प्रवेश गर्नकालागी प्रवेश पत्र वा नागरिकता वा शेयर प्रमाणपत्र साथै लिई आउन अनुरोध गरिएको छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा आधिकारीक पत्र अनिवार्य गरिएको छ ।
3. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा १ घण्टा अगाडी उपस्थित भै त्यहाँ रहेको उपस्थिती पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ ।
4. वार्षिक साधारण सभा भएको सूचना तथा संक्षिप्त वार्षिक आर्थिक विवरणहरू सम्बन्धित शेयरधनी महानुभावहरूको ठेगानामा पठाइएको छ सो सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितीकालागि अनुरोध गर्दछौं ।
5. सभामा भाग लिन र मतदान गर्नकालागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि पत्र सभा हुनु भन्दा ४८ घण्टा अगावै बैंकको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त भएको व्यक्ति यस बैंकको शेयरधनी हुनु पर्नेछ । प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी आफैंले सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गर्नु भएमा अगाडी दिईसकेको प्रतिनिधित्व स्वतः बदर हुनेछ ।
6. नावालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रूपमा लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
7. कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि नियुक्त गरेको भएमा कस्कस्को बदर गरिएको हो सो को जानकारी दिनु पर्नेछ अन्यथा सबै प्रतिनिधि बदर हुनेछन् ।
8. बिबिध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनु भन्दा ३ दिन अगावै लिखित रूपमा बैंकलाई जानकारी दिनु पर्नेछ । यस्तो विषयमा यस बैंकसँग सम्बन्धित र औचित्य हेरेर आवश्यक भएमा मात्र छलफलकालागि समावेश गरिनेछ ।
9. कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन शेयरधनीले निरिक्षण वा प्राप्त गर्न चाहेमा बैंकको कर्पोरेट कार्यालयबाट उपलब्ध गराउन सकिने छ ।
10. साधारण सभा सम्बन्धी अन्य जानकारी तथा वार्षिक प्रतिवेदन सम्बन्धी विवरणहरू बैंकको वेभसाइट www.skdbl.com.np वा बैंकको कर्पोरेट कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्नसक्नु हुनेछ ।
11. सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव